नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
प्रशासन तथा प्रेस शाखा
सञ्चारग्राम, तिलगंगा, काठमाडौं

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सूचना तथा प्रसारण विभाग २०७५

प.सं. : २०८२/०८३
च.नं.

मितिः २०८२/०४/२०

## अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरणसम्बन्धी अत्यन्त जरूरी सूचना

नेपाल सरकारद्वारा नेपाल राजपत्रको खण्ड ७५ अतिरिक्ताङ्क २१ भाग २ मिति २०८२/०४/१४ मा प्रकाशित सूचना अनुसार छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ मा दफा ७ख. थप गरी देहायको व्यवस्था गरिएको छः

७ ख. अनलाइन सञ्चारमाध्यम दर्ता गर्नु पर्नेः (१) अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहने व्यक्तिले त्यस्तो सञ्चार माध्यम दर्ता गर्नका लागि तोकिएको दस्तुरसहित तोकिएको ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर स्थानीय अधिकारीले आवश्यक जाचँबुझ गरी दर्ता गर्न उपयुक्त देखिएको अनलाइन सञ्चारमाध्यम दर्ता गर्न सक्नेछ।

(३) अनलाइन सञ्चारमाध्यम दर्ता, सञ्चालन, नवीकरणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

उपर्युक्त सन्दर्भमा राजपत्रमा प्रकाशित सूचनाका आधारमा यस विभागबाट अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ वमोजिम हुँदैआएको अनलाइन सञ्चारमाध्यम (अनलाइन पत्रिका) दर्ता तथा नवीकरणको कार्य स्थगन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

2082-04-20

(शान्ती लामा)
शाखा अधिकृत

फोन: ५९१९८२०, ५९१९८९४, ५९१९८९५, वेबसाइड: www.doib.gov.np